# अपर अरुण हाइड्रो-ईलेक्ट्रिक लिमिटेड

महाराजगञ्ज, काठमाडौं

## पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०४)

यस कम्पनीको सञ्चालक समितिको मिति २०८०/०९/०३ गते बसेको ५७औं बैठकको निर्णय अनुसार कम्पनीको पाँचौं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरु उपस्थित भइदिनुहुन अनुरोध छ ।

### साधारण सभा हुने मिति, समय र स्थान

**मिति** : २०८०।०९।२६ गते बिहीबार (तदनुसार ११ जनवरी, २०२४)

**समय** : बिहान ११:०० बजे

**स्थान** : नेपाल विद्युत प्राधिकरणको सभाकक्ष दरबार मार्ग, काठमाडौं ।

### साधारण सभामा छलफल हुने विषयहरु

१. **साधारण प्रस्ताव :-**

क. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

ख. आर्थिक वर्ष २०७९/८० को लेखा परीक्षकको प्रतिवेदन सहित नाफा नोक्सान हिसाब वासलात र नगद प्रवाह विवरण लगायत आर्थिक विवरण माथि छलफल गरी पारित गर्ने ।

ग. आर्थिक वर्ष २०८०/८१ को लेखा परीक्षण गर्ने कार्यका लागि लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

२. **विशेष प्रस्ताव :-**

कम्पनीको प्रवन्ध पत्र संशोधन गर्ने ।

३. **विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**